# UN Formed Police Unit (FPU)

## छनौट कार्यादेश, २०७५

प्रहरी प्रधान कार्यालय

नक्साल, काठमाण्डौं ।

**UN Formed Police Unit (FPU)**
**छनौट कार्यादेश, २०७५**

**प्रस्तावना :-**

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ Formed Police Unit (FPU) को रुपमा विभिन्न देशमा रहेका शान्ति मिसनहरुमा खटाई पठाउनका लागि United Nations Department of Peacekeeping Operations (UNDPKO) अन्तर्गत Police Division of Rule of Law and Security Institutions (PDRLSI) को Proficiency Testing and Training Teams (PT3s) को सुझाव र त्यसले विभिन्न मिसनहरुमा FPU को रुपमा खटिने प्रहरी कर्मचारीहरुको कार्यकुशलता, कार्यदक्षता र सीपको जाँच गरी FPU को प्रभावकारिता बढाउन तय गरेको आवश्यक मापदण्ड, UN SOP and UN Guidelines समेत लाई आधार बनाई दक्ष, सक्षम, व्यावसायिक ज्ञान, सीप र क्षमतायुक्त नेपाल प्रहरी कर्मचारीहरुलाई FPU मा खटाई पठाउनका लागि छनौट प्रक्रियालाई निष्पक्ष, पारदर्शी, समानुपातिक, वैज्ञानिक एवं प्रभावकारी बनाउने प्रयोजनार्थ प्रहरी नियमावली २०७१ को नियम १९६ बमोजिम प्रहरी महानिरीक्षकबाट यो कार्यादेश जारी गरी लागु गरिएको छ ।

**प्रारम्भिक**

**(१) संक्षिप्त नाम, विस्तार र प्रारम्भ:-**

(क) यो कार्यादेशको नाम UN Formed Police Unit (FPU) छनौट कार्यादेश २०७५ रहेको छ ।

(ख) यो कार्यादेश नेपाल प्रहरीका प्रहरी कर्मचारीको हकमा लागु हुनेछ ।

(ग) यो कार्यादेश प्रहरी महानिरीक्षकबाट स्वीकृत भए पछि लागु हुनेछ ।

**(२) परिभाषा:-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यादेशमा;

(क) FPU Contingent वा Contingent भन्नाले Formed Police Unit (FPU) मा खटिने नेपाल प्रहरी संगठनको समूह वा टुकडीलाई जनाउँछ ।

(ख) FPU Contingent Commander भन्नाले बुँदा २ को (क) बमोजिम रहने FPU Contingent को प्रमुख भई खटिने नेपाल प्रहरीको अधिकृतलाई जनाउँछ ।

(ग) तोकिएको वा तोकिए बमोजिम भन्नाले संयुक्त राष्ट्र संघ अन्तर्गतबाट भएको सुझाव, यस कार्यादेशमा उल्लेख भएका कुराहरु वा कार्यादेश अनुसार भएका अन्य व्यवस्थाहरू वा नेपाल प्रहरीको हकमा प्रचलित कानुनमा व्यवस्था भई तोकिएका प्रावधानहरुलाई जनाउँछ ।

(घ) प्रहरी कर्मचारी भन्नाले नेपाल प्रहरीका अधिकृत, जवान र प्रहरी कार्यालय सहयोगी समेतलाई जनाउँदछ ।

(ङ) Contingent Owned Equipment (COE) भन्नाले FPU Contingent ले प्रयोग गर्ने Major Equipments (ME) र Self Sustainable (SS) सामाग्रीहरूलाई जनाउँदछ ।

(च) प्र.प्र.का.सम्बन्धित विभाग भन्नाले प्र.प्र.का.यू.एन.महाशाखा रहने विभागलाई जनाउँदछ ।

(३) **Contingent को गठन, सेवा, सुविधा र कार्यविधि:-**

(क) Contingent को गठन यस कार्यादेशमा लेखिए बमोजिम प्रहरी महानिरीक्षकबाट हुनेछ ।

(ख) Contingent को कार्यविधि, खटिने मिसन, खटिने प्रहरी कर्मचारीहरुको संख्या, संयुक्त राष्ट्र संघ र नेपाल सरकार बीच समय समयमा भएको सम्झौता (MOU) एवं भविष्यमा हुने सहमति बमोजिम हुनेछ ।

(ग) मिसनमा खटिने प्रहरी कर्मचारीले मिसनमा काम गरेको अवधिमा पाउने सेवा र सुविधा नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच भएको सहमति बमोजिम हुनेछ ।

(घ) तर प्रहरी कर्मचारी भएको हैसियतले प्रचलित कानुन बमोजिम नेपाल सरकारबाट पाउने तलब भत्ता र अन्य सुविधा नियमित रुपमा प्राप्त गर्न भने बाधा पुगेको मानिने छैन ।

(४) **Contingent को नियन्त्रण:-**

Contingent मा खटिने प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रहरी प्रधान कार्यालयलाई रहनेछ तर नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच भएको सहमति बमोजिम मिसनमा कार्यरत रहँदा सम्पादन गर्नुपर्ने जिम्मेवारीको कार्यान्वयनका सम्बन्धमा प्रहरी महानिरीक्षकले सम्बन्धित मिसनका लागि तोकिए बमोजिमका अधिकृतबाट रेखदेख, नियन्त्रण र निर्देशन गर्न बाधा पुगेको मानिने छैन ।

(५) **FPU Contingent Commander को काम, कर्तव्य र अधिकार ।**

(क) मिसन अवधिमा कसैप्रति कुनै किसिमको भेदभाव, द्वेष, रिसईवि नराखी वा कुनै किसिमको प्रभावमा नपरी संयुक्त राष्ट्र संघबाट निर्देशित नीति नियम, United Nations Formed Police Unit Standard Operation Procedures (FPU SOP), FPU Guidelines and Policy तथा नेपाल सरकार पक्ष प्रचलित प्रहरी ऐन, नियम तथा अन्य कानुन बमोजिम तोकिएको जिम्मेवारी एवं कर्तव्य पालना गर्ने गराउने ।

(ख) खटिएको मिसनमा नियमानुसार Contingent Commander को रुपमा उपस्थिति जनाई आवश्यक समन्वय एवं कार्य सम्पादन गरी गराई Nepal FPU Contingent को हित हुने गरी आफ्नो दायित्व प्रभावकारी रुपमा निर्वाह गर्ने ।

(ग) विभागीय नीति निर्देशनहरु सम्पूर्ण प्र.क.हरुलाई जानकारी गराई कार्यान्वयन गर्ने गराउने ।

(घ) मातहत कर्मचारीहरुको गुनासो पिरमर्का सुनी समाधान तर्फ आवश्यक पहल गर्ने ।

(ङ) FPU Contingent को Rotation को अवस्थामा आवश्यक व्यवस्था मिलाउने ।

(च) समय समयमा समग्र Contingent वा जिम्मेवार अधिकृतको बैठक राख्ने ।

(छ) नियमानुसार Medal Parade गराउने ।

(ज) Contingent का प्रहरी कर्मचारीहरूलाई चुस्त दुरुस्त राख्न समय समयमा प्रशिक्षणको व्यवस्था मिलाउने ।

(झ) प्रहरी नियमावली बमोजिम मिसनमा खटिएका प्रहरी कर्मचारीहरुको वार्षिक मुल्याङ्कन भरी पठाउनु पर्ने ।

(ञ) अनुशासनहीन काम कारबाही गर्ने कर्मचारी उपर कारबाही गर्ने वा प्रहरी प्रधान कार्यालयममा कारबाहीको लागि सिफारिस गर्ने ।

(ट) सम्बन्धित मिसनमा कार्यरत नेपाल प्रहरीका कुनै पनि कर्मचारीले नेपाल राष्ट्र र नेपाल प्रहरी संगठनको छविमा आँच आउने गैरकानुनी, गैरजिम्मेवार, अनुशासनहिन एवं अनैतिक कार्य गरेमा त्यस्ता प्रहरी कर्मचारीलाई Repatriation को लागि प्र.प्र.का.यू.एन. महाशाखामा लेखी पठाउन सक्नेछ ।

(ठ) Contingent मा रहेका COE का सामानहरूको संरक्षण, सम्बद्धन तथा निरीक्षण गराई सो को प्रतिवेदन प्र. प्र.का.कल्याण महाशाखा (COE Section) मार्फत प्र.म.नि.ज्यू समक्ष पठाउनु पर्नेछ र सो को जानकारी प्र.प्र.का.यू.एन. महाशाखालाई दिनु पर्नेछ।

(ड) Contingent मा रहेका COE का सामानहरूको आम्दानी तथा खर्चको साथै मौज्दातको विवरण सहित फाँटवारी तयार गरी मासिक रुपमा प्र.प्र.का. कल्याण महाशाखा (COE) मा पठाउनु पर्नेछ।

(ढ) माथि लेखिए बमोजिम कुनै प्रहरी कर्मचारीबाट तोकिए बमोजिमको प्रावधानहरुको पालना भए नभएको सन्दर्भमा आवश्यक सुपरिवेक्षण गरी Contingent Commander ले विभागीय निर्देशन बमोजिम यथार्थ वस्तुस्थिति तथा क्रियाकलाप सहितको विवरण प्रहरी प्रधान कार्यालय यू.एन.महाशाखामा मिसन समाप्त भए पश्चात लगत्तै मिसनको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(ण) कुनै पनि मिसनमा नेपाल प्रहरीको तर्फबाट Formed Police र IPOs को रुपमा अलग अलग टोली कार्यरत रहेको अवस्थामा दुवै टोलीका Contingent Commander बाट आ–आफ्नो क्षेत्राधिकार भित्र रही आ-आफ्नो जिम्मेवारी बहन गर्नु पर्नेछ।

(त) Contingent को महत्वपूर्ण विषयवस्तु उल्लेख गरी लिखित रुपमा बुझबुझारथ गर्ने र स्वदेश फिर्ता भए पश्चात लगत्तै प्र.प्र.का.यू.एन.महाशाखा र कल्याण महाशाखामा Contingent को वस्तुस्थिति र कार्य उल्लेख गरी प्रतिवेदन बुझाउनु पर्नेछ।

**(६) Contingent Commander को जिम्मेवारी हस्तान्तरण हुने अवस्था:-**

(१) विरामी भई काम गर्न नसकेमा,

(२) विदा वा मिसन एरिया बाहिर रहेको अवस्थामा,

(३) कारबाहीमा परी काम नगर्नु भनि तोकिएको अवस्थामा

उल्लेखित अवस्थामा Contingent Commander ले निज भन्दा मुनिको जेष्ठ अधिकृतलाई Contingent Commander को जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ। सो को जानकारी नेपाल प्रहरी संगठनलाई दिनुपर्नेछ। साथै Contingent Commander को अनुपस्थितिमा गरेको सम्पूर्ण काम कारबाहीको जानकारी दिने दायित्व निज जेष्ठ अधिकृतको हुनेछ।

**(७) FPU Contingent मा खटिने प्रहरी कर्मचारीहरुको छनौटको आधार :–**

(क) यस कार्यादेशको बुँदा (१०) मा तोकिए बमोजिमको मापदण्ड (न्युनतम योग्यता) भित्र पर्ने प्रहरी कर्मचारीहरुले यस पछि बुँदा (८) मा तोकिए बमोजिमको परीक्षा समितिले लिने प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन पाउने छन्।

(ख) बुँदा (७) को (क) बमोजिमको परीक्षामा सहभागी प्रहरी कर्मचारीहरु मध्येबाट छनौट गरी अनुसूची (९) (ख)/अनुसूची १० (ख) मा तोकिएको संख्यामा नबढ्ने गरी छनौट भएका प्रहरी कर्मचारीहरुको नामावली सहितको विवरण परीक्षा समितिले परीक्षा अनुगमन तथा निरीक्षण समितिमा पेस गर्नेछ।

(ग) बुँदा (७) को (ख) बमोजिम परीक्षा समितिबाट पेस गरिएको प्रहरी कर्मचारीहरुको विवरण मिसनमा खटिने Contingent गठनको लागि परीक्षा अनुगमन तथा निरीक्षण समितिबाट स्वीकृतार्थ प्रहरी महानिरीक्षकमा पेस हुनेछ।

(घ) बुँदा (७) को (ग) बमोजिम पेस गरिएको प्रहरी कर्मचारीहरुको विवरण सूची प्रहरी महानिरीक्षकबाट सदर भए पश्चात प्रहरी प्रधान कार्यालय यू.एन.महाशाखा र प्रशासन शाखामा आवश्यक काम कारबाहीको लागि पठाईनेछ।

(ङ) बुँदा (७) को (घ) बमोजिम कन्टिन्जेन्टको लागि छनौट भएका प्रहरी कर्मचारीहरुलाई तोकिएको मिसनमा खटाई पठाउनको लागि नेपाल सरकार गृह मन्त्रालय बाट स्वीकृती लिई न्यूयोर्क स्थित संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगमा समन्वयात्मक भूमिका एवं आवश्यक काम कारबाही प्रहरी प्रधान कार्यालय यू.एन. महाशाखा मार्फत गरिनेछ।

**(८) (क) केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समिति :–**

(१) FPU छनौट परीक्षाको अनुगमन, रेखदेख र नियन्त्रण गर्नको लागि देहायका पदाधिकारी रहेको एक केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समितिको गठन प्रहरी महानिरीक्षकबाट हुनेछ।

| | |
|---|---|
| प्र.प्र.का. सम्बन्धित विभाग प्रमुख | - अध्यक्ष |
| रा.प्र.प्र.प्र.का प्र.ना.म.नि./प्र.व.उ. प्रतिनिधि | - सदस्य |
| प्र.म.नि.को सचिवालय, प्र.व.उ. प्रतिनिधि | - सदस्य |
| प्र.प्र.का.कार्य विभाग, प्र.व.उ. प्रतिनिधि | - सदस्य |
| प्राविधिक निर्देशनालय, प्र.व.उ. प्रतिनिधि | - सदस्य |
| यू.एन.महाशाखा, प्रमुख | - सदस्य सचिव |
| कल्याण महाशाखा, प्रमुख | - सदस्य |

(२) यस कार्यादेश बमोजिम गठन हुने परीक्षा समितिको काम कारबाहीको सुपरिवेक्षण गर्ने, परीक्षा समितिलाई आवश्यक सहयोग पुऱ्याउने र Contingent गठनका लागि उपयुक्त प्रहरी कर्मचारी छनौटका लागि सिफारिस गर्ने दायित्व बुँदा (८) (क) को (१) बमोजिम गठन हुने समितिमा रहनेछ।

(३) परीक्षा समितिबाट पेस गरिएको नतिजा सूची आवश्यक जाँचबुझ गरी अनुसूची १ बमोजिमको ढाँचामा नामावलीको सूची परीक्षा अनुगमन तथा निरीक्षण समितिद्वारा प्रहरी महानिरीक्षक समक्ष पेस गरिनेछ।

**(ख) म.न.प्र.का./प्रदेश प्रहरी परीक्षा अनुगमन तथा निरीक्षण समिति:-**

(१) म.न.प्र.का.तथा **प्रदेश**हरुमा हुने छनौट परीक्षाको अनुगमन, रेखदेख र नियन्त्रण गर्नको लागि देहायका पदाधिकारी रहेको एक परीक्षा अनुगमन तथा निरीक्षण समितिको गठन प्र.प्र.का सम्बन्धित विभागिय प्रमुखबाट हुनेछ।

| | |
|---|---|
| म.न.प्र.का./ प्रदेश प्रहरी कार्यालय प्रमुख | - अध्यक्ष |
| म.न.ट्रा.प्र.का. प्रमुख/प्रदेश प्रहरी प्रमुखले तोकेको प्रदेश मातहतको कुनै एक संघीय प्रहरी इकाई कार्यालय प्रमुख | - सदस्य |
| म.न.प्र.वि.सु.गार्ड गौचरण प्र.व.उ.वा प्र.उ./प्रदेश प्रहरी प्रमुखले तोकेको प्रदेश भित्रको कुनै एक जि.प्र.का. प्रमुख | - सदस्य सचिव |

(२) यस कार्यादेश बमोजिम म.न.प्र.का./ प्रदेश भित्र गठन हुने अनुगमन तथा निरीक्षण समितिले म.न.प्र.का./ प्रदेश परीक्षा समितिबाट हुने काम कारबाहीको सुपरिवेक्षण गर्ने, परीक्षा समितिलाई आवश्यक सहयोग पुऱ्याउने र परीक्षा सम्बन्धमा प्राप्त उजुरी उपर सुनुवाई गरी आवश्यक कार्यान्वयन गर्नेछ।

(३) म.न.प्र.का./ प्रदेश परीक्षा समितिबाट पेस गरिएको सूची आवश्यक जाँचबुझ गरी परीक्षा समितिले पेस गरेको तीन (३) दिन भित्र अनुसूची १ बमोजिमको ढाँचामा नामावलीको सूची प्र.प्र.का.यू.एन.महाशाखाका जिम्मेवार विभागीय प्रमुख मार्फत प्रहरी महानिरीक्षक समक्ष पेस गरिनेछ।

**(९) परीक्षा समिति:-**

FPU छनौट परीक्षा सञ्चालन गर्नको लागि देहाय बमोजिमको परीक्षा समिति रहनेछ।

**(क) प्र.प्र.का. परीक्षा समिति :-**

(१) यस समितिमा देहाय बमोजिमका प्रहरी अधिकृतहरु रहने छन्। यस समितिको गठन केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समितिको अध्यक्षबाट हुनेछ।

| | |
|---|---|
| प्र.प्र.का. सम्बन्धित विभाग, प्र.ना.म.नि. | – अध्यक्ष |
| रा.प्र.प्र.प्र./प्र.म.नि.को सचिवालय/अ.अ.विभाग/ मानवश्रोत विकास विभाग/यू.एन.महाशाखा (१/१ सि.प्र.अ.प्रतिनिधि) | – सदस्य |
| प्र.प्र.का.केन्द्रीय प्रहरी विशेष कार्यदल प्रमुख, | – सदस्य |
| स.प्र.गण नं.१ गण प्रमुख | – सदस्य सचिव |
| सम्बन्धित FPU को Contingent Commander | – सदस्य |

(२) बुँदा (९) (क) को (१) बमोजिमको समितिले यस कार्यादेशबाट तोकिए बमोजिमको परीक्षा सम्पन्न गरी अनुसूची (१) बमोजिमको ढाँचामा नामावलीको सूची केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समिति समक्ष पेस गर्नुपर्नेछ।

**(ख) महानगरीय प्रहरी परीक्षा समिति:-**

(१) यस समितिमा देहाय बमोजिमका प्रहरी अधिकृतहरु रहने छन्। महानगरीय परीक्षा समितिको गठन केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समितिको निर्देशनमा महानगरीय प्रहरी कार्यालय प्रमुखबाट हुनेछ।

| | |
|---|---|
| महानगरीय प्रहरी कार्यालयका प्र.व.उ./प्र.उ. | – अध्यक्ष |
| प्र.प्र.का.बाट खटिने प्रतिनिधि (सि.प्र.अ.) | – सदस्य |
| म.न.ट्रा.प्र.महाशाखाबाट खटिने प्रतिनिधि ( प्र.व.उ./प्र.उ.) | – सदस्य |
| महानगरीय गणका गण प्रमुख | – सदस्य सचिव |

(२) परीक्षा सञ्चालन समितिले परीक्षा सम्पन्न गरी अनुसूची (१) बमोजिमको परीक्षा नतिजा सूची केन्द्रीय अनुगमन तथा निरीक्षण समितिमा पेस गर्नु पर्नेछ।

**(ग) प्रदेश प्रहरी परीक्षा समिति:-**

(१) यस समितिमा देहाय बमोजिमका प्रहरी अधिकृतहरु रहने छन् । प्रदेश समितिको गठन केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समितिको निर्देशनमा सम्बन्धित प्रदेश प्रहरी प्रमुखबाट हुनेछ ।

| | |
|---|---|
| सम्बन्धित प्रदेश प्रहरी प्रमुखले तोकेको प्र.व.उ./प्र.उ. | – अध्यक्ष |
| सम्बन्धित प्रदेश प्रहरी कार्यालय प्रतिनिधि (प्र.उ/प्र.ना.उ.) | – सदस्य |
| सम्बन्धित प्रदेश प्रहरी तालिम केन्द्रका प्रतिनिधि (सि.प्र.अ.) | – सदस्य |
| प्र.प्र.का.बाट खटिने प्रतिनिधि (सि.प्र.अ.) | – सदस्य |
| सम्बन्धित प्रदेशको स.प्र.गण प्रमुख | – सदस्य सचिव |

(२) परीक्षा सञ्चालन समितिले परीक्षा सम्पन्न गरी अनुसूची (१) बमोजिमको परीक्षा नतिजा सूची केन्द्रीय अनुगमन तथा निरीक्षण समितिमा पेस गर्नु पर्नेछ ।

**(घ) उत्कृष्ट प्रहरी छनौट समिति:-**

प्रहरी सेवामा उत्कृष्ट, प्रशंसनीय एवं विशेष योगदान गर्ने प्रहरी कर्मचारीहरुको छनौट प्रहरी महानिरीक्षकबाट गठित निम्न सदस्यीय उत्कृष्ट प्रहरी छनौट समितिले गर्नेछ ।

| | |
|---|---|
| प्रहरी महानिरीक्षकको सचिवालयका प्र.ना.म.नि/प्र.व.उ. | – अध्यक्ष |
| प्र. प्र. का. कार्य विभाग, प्र.व.उ./प्र.उ. | – सदस्य |
| प्र.प्र.का. प्रशासन विभाग, अ.अ. विभाग<br>मानवश्रोत विकास विभाग, प्र.उ./प्र.ना.उ.(१/१ जना) | – सदस्य |
| प्र.प्र.का. यू.एन.महाशाखा प्रमुख | – सदस्य सचिव |

**(ङ) प्राविधिक प्रहरी परीक्षा समिति:-**

(१) प्राविधिक परीक्षा समितिको गठन केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समितिका अध्यक्षबाट गरिनेछ । यस समितिमा देहाय बमोजिमका प्रहरी अधिकृतहरु रहने छन् ।

| | |
|---|---|
| प्र.प्र.का. प्रमनिको सचिवालयका प्र.ना.म.नि./प्र.व.उ. | – अध्यक्ष |
| नेपाल प्रहरी अस्पताल, प्राविधिक निर्देशनालय, सञ्चार निर्देशनालय,<br>कम्प्युटर निर्देशनालय, प्र.व.उ./प्र.उ. (१/१ प्रतिनिधि) | – सदस्य |
| सवारी महाशाखा प्रमुख | – सदस्य |
| यू.एन.महाशाखा प्र.उ./प्र.ना.उ. | – सदस्य सचिव |
| प्र.प्र.का.हातहतियार मर्मत शाखा प्रमुख | – सदस्य |
| प्रहरी संगीत विद्यालयको प्रमुख वा प्रतिनिधि | – सदस्य |

(२) बुँदा (९) (ङ) को (१) बमोजिमको समितिमा नपरेको क्षेत्रसँग सम्बन्धित प्राविधिक कर्मचारीको परीक्षा लिईदा परीक्षा समितिले आवश्यकता अनुसार प्राविधिक युनिटका प्रमुखसँग समन्वय गर्नेछन् ।

(३) परीक्षा सञ्चालन समितिले परीक्षा सम्पन्न गरी अनुसूची (१) बमोजिमको परीक्षा नतिजा सूची केन्द्रीय अनुगमन तथा निरीक्षण समितिमा पेस गर्नुपर्नेछ ।

(४) सवारी चालकहरुको छनौट परीक्षा प्र.प्र.का. प्राविधिक परीक्षा समिति बाट सञ्चालन हुनेछ। सवारी चालक (Heavy/Light) को प्रयोगात्मक परीक्षाको लागि आवश्यकता अनुसार प्रहरी सेवा बाहेकको सम्बन्धित विषय/क्षेत्रको विशेषज्ञबाट परीक्षा लिन सकिनेछ।

**(१०) FPU Contingent मा छनौट गर्न लिईने परीक्षामा सहभागी हुन आवश्यक पर्ने न्युनतम योग्यता:-**

(१) देहाय बमोजिमको योग्यता पुगेको कुनै पनि प्रहरी कर्मचारी Contingent मा छनौट गर्न लिईने परीक्षामा सहभागिताको लागि योग्य हुनेछ।

(क) नेपाल प्रहरीमा सेवा अवधि छनौट परीक्षा हुने भनी तोकिएको मिति भन्दा १ दिन अगाडि ७ वर्ष पूरा भएको हुनुपर्नेछ।

(ख) छनौट परीक्षा आव्हान गरिएको मितिमा छनौटमा सहभागी हुने प्रहरी कर्मचारीहरुको उमेर छनौट परीक्षा हुने भनी तोकिएको मिति भन्दा १ दिन अगाडि २५ वर्ष पूरा भई मानसिक, शारीरिक रुपमा तन्दुरुस्त हुनुपर्नेछ।

(ग) छनौट परीक्षा आव्हान गरिएको मितिमा प्रहरी परिचरदेखि प्रहरी उपरीक्षकसम्मको नोकरी अवधि २४ महिना बाँकी रहेको हुनुपर्नेछ।

(घ) ठूलो सवारी चालकको रुपमा छनौट हुने प्रहरी कर्मचारीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

(ङ) प्राविधिक प्रहरी कर्मचारीहरुको हकमा नोकरी अवधि ७ वर्ष पूरा भएको प्रहरी कर्मचारी उपलब्ध हुन नसकेमा सोही प्राविधिक समूहबाट २५ वर्ष उमेर नाघेको मध्येबाट प्रहरी सेवामा जेष्ठतालाई क्रमशः ग्राह्यता दिइनेछ।

(च) एकै दर्जामा दुई वा दुई भन्दा बढी पटक विभागीय कारबाही भएमा सोही दर्जामा FPU छनौट परीक्षामा सहभागी हुन पाउने छैन।

(छ) जुनसुकै विभागिय कारबाहीको अवधिभर वा अवधि नतोकिएको विभागिय कारबाही भएको भए विभागिय कारबाही भएको मितिले १ वर्षसम्म परीक्षामा सहभागी हुन पाउने छैन।

(ज) तल्लो टाईम स्केल र दर्जा घटुवा भएको मितिले चार वर्ष पुगेको हुनुपर्नेछ।

(झ) सेवाबाट बर्खास्त भई पुनर्वहाली भएका प्र.क.हरुको हकमा ५ वर्ष पछि मात्र FPU छनौट परीक्षामा सहभागी हुन पाउने छन्।

(ञ) पद अनुसारको आधारभूत तालिम गरेको हुनुपर्नेछ।

(ट) प्रहरी प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखाको अभिलेखमा जनिएको दर्जागत जेष्ठताका आधारमा छनौट परीक्षामा सहभागी गराइनेछ।

(ठ) UNSAAT परीक्षा उत्तीर्ण भएका प्र.क.हरु UNSAAT परीक्षाको नतिजाको मान्यता अवधि (Validity) रहँदा सम्म छनौट परीक्षामा सहभागी हुन पाउने छैनन् तर FPU Contingent Commander को हकमा उपरोक्त वाक्यांशले बाधा पार्ने छैन।

(ड) Contingent Commander बाहेक अन्य प्रहरी कर्मचारीहरू नोकरी अवधिभर एक पटक मात्र FPU मा सहभागी हुन पाउनेछन् तर विशिष्ट परिस्थितिका कारण प्र.म.नि.बाट कुनै प्रहरी कर्मचारीलाई थप अवधि सम्म कार्य गर्ने गरी तोक्न वा प्राविधिक तर्फका कुनै प्रहरी कर्मचारी अपुग भएको अवस्थामा पुन: FPU मा सहभागी गराउन बाधा पर्ने छैन।

(ढ) प्राविधिक प्रहरी कर्मचारीको रुपमा मनोनयन हुनेले सम्बन्धित विषयमा तालिम हासिल गरेको हुनुपर्ने र सो को प्रमाण पत्र समेत पेस गर्नुपर्नेछ।

(ण) सवारी चालकको हकमा Heavy or Light सवारी चालक अनुमती प्रमाण पत्र प्राप्त गरेको ५ वर्ष पूरा भई कम्तिमा ३ वर्षदेखि निरन्तर रुपमा सवारी साधन चलाइरहेको भनि सम्बन्धित कार्यालयको सिफारिस हुनुपर्नेछ । यदि चालक अनुमति प्रमाण–पत्र प्राप्त गरेको ५ वर्ष पूरा भएको प्रहरी कर्मचारी नभएको खण्डमा चालक अनुमती प्रमाण–पत्र प्राप्त गरेको ४ वर्ष अवधि पुगेका प्र.क.हरुलाई मनोनयन गर्न बाधा पुग्ने छैन् ।

(त) प्राविधिक प्रहरी कर्मचारीको रुपमा सम्बन्धित निर्देशनालय, महाशाखा तथा शाखामा कार्यरत रहेको सम्बन्धित प्राविधिक समूहको जेष्ठ सदस्यलाई FPU Mission मा चाहिने प्राविधिक ज्ञान र दक्षता सम्बन्धमा छनौट परीक्षा हुनु भन्दा अगाडि आवश्यक अनुशिक्षण तथा प्रशिक्षण प्रदान गर्नु पर्नेछ । छनौट प्रकृयामा सहभागी हुने प्राविधिक प्रहरी कर्मचारीमा सम्बन्धित विषयमा आवश्यक ज्ञान, सीप तथा दक्षता नपाइएमा वा छनौट परीक्षामा उत्तीर्ण नभएमा निम्नानुसार गर्न सकिनेछ ।

(१) प्रशासन तर्फ कार्यरत रही प्राविधिक ज्ञान, सीप तथा दक्षता भएका र अन्य तोकिएको क्राईटेरियामा पर्ने प्रहरी कर्मचारीहरुलाई छनौट परीक्षामा सहभागी गराई तोकिएको परीक्षामा उत्तीर्ण भएका प्रहरी कर्मचारीहरु वरिष्ठताको आधारमा छनौट गर्न सकिनेछ ।

(२) माथि उल्लेखित प्राविधिक तथा प्रशासन तर्फ कार्यरत रहेका सम्बन्धित प्राविधिक क्षेत्रका ज्ञान, सीप भएका प्रहरी कर्मचारीहरुबाट समेत छनौट हुन नसकेको अवस्थामा १ पटक मिसन गई सकेका प्राविधिक प्रहरी कर्मचारीहरु मध्ये पहिला मिसनबाट फर्केको आधारमा क्रमानुसार सिफारिस गरी तोकिएको परीक्षा लिई परीक्षामा उत्तिर्ण भएका प्रहरी कर्मचारीहरु मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने (Merit को आधारमा) प्रहरी कर्मचारीलाई छनौट गर्न सकिनेछ । सो समेत नभएको अवस्थामा मिसनको आवश्यकता तथा सञ्चालनलाई सूचारु राख्नका लागि बाह्य क्षेत्र (Outsourcing) बाट सम्बन्धित विज्ञ व्यक्तिलाई करारमा लिई खटाई पठाउन सकिनेछ ।

**(११) छनौट परीक्षामा सहभागी हुने कर्मचारीको छनौट आधार, प्राथमिकता र कार्यविधि:-**

देहाय बमोजिमको दर्जाका प्रहरी कर्मचारीहरुलाई देहाय बमोजिम छनौट गरिनेछ । छनौट परीक्षा सञ्चालन गर्नु पूर्व स्वास्थ्य परीक्षण (Medical Examination) का साथै मानसिक अवस्थाको पनि अनिवार्य परीक्षण गरिनेछ ।

**(क) सिनीयर प्रहरी अधिकृतहरु**

(१) FPU Contingent प्रमुखको रुपमा खटिने प्रहरी उपरीक्षक (Contingent Commander) को हकमा छनौट हुनको लागि बढुवा भएको १ (एक) वर्ष पूरा भएको हुनुपर्नेछ, त्यस्ता प्रहरी उपरीक्षकहरु उपलव्ध नभएमा सो अवधि नपुगेका प्रहरी उपरीक्षकबाट Contingent Commander छनौट गर्न सकिनेछ र Contingent Commander मा छनौट हुने प्र.क.कम्तिमा एकपटक Individual Police Officers (IPOs) को रुपमा मिसन गएको वा FPU गएको भए FPU मा रहँदा Command Officer (Logistic/Liaison/ Operation/Admin) मा काम गरेको हुनुपर्नेछ । Contingent प्रमुखको रुपमा खटिने प्रहरी उपरीक्षकको छनौट गर्दा निजको इच्छा, कार्य क्षमता, तालिम, सीप र अनुभवलाई मध्यनजर गरी प्रहरी महानिरीक्षकबाट गरिनेछ ।

(२) FPU Contingent मा खटिने प्रहरी नायब उपरीक्षक उक्त दर्जामा सिनियर हुनुपर्ने र Individual Police Officer (IPOs) को रुपमा मिसनका सहभागी भएको भए मिसनबाट स्वदेश फिर्ता भएको ३ (तीन) वर्ष

पुगेको हुनुपर्नेछ। निजहरुलाई प्र.प्र.का. परीक्षा समितिबाट बाह्य परीक्षा र आन्तरिक परीक्षामा सहभागी गराई बढी अंक प्राप्त गर्ने मध्येबाट क्रमशः छनौट गरिनेछ। प्रहरी नायब उपरीक्षक दर्जाको कर्मचारीहरु छनौट गर्दा एक पटक पनि मिसन नगएकालाई प्राथमिकता दिइनेछ।

(३) FPU Contingent मा खटिने प्रहरी निरीक्षकको हकमा Logistic/Liaison र Operation तर्फ २ जना प्रहरी निरीक्षकको छनौट गरिनेछ। निजहरु IPOs को रुपमा कम्तिमा एकपटक मिसनमा सहभागी भई स्वदेश फिर्ता भएको ३ वर्ष पुगेको र जेष्ठ (Senior) हुनुपर्नेछ। निजहरूको छनौट परीक्षामा समान अंक भएमा मिसनबाट फर्केको ३ (तीन) वर्ष भएकाहरु मध्ये फर्केको मिति जसको पुरानो छ उसैबाट क्रमशः वरियताक्रमको आधारमा छनौट गरिनेछ। साधारण तर्फ हाईटीका लागि ३ जना र डार्फरका लागि ४ जना प्रहरी निरीक्षकको छनौट गरिनेछ। निजहरु हाल सम्म कुनै पनि मिसन नगई जेष्ठ हुनुपर्नेछ। निजहरूको छनौट परीक्षामा समान अंक भएमा क्रमश: जेष्ठता अनुसार छनौट गरिनेछ। निजहरुलाई प्र.प्र.का.परीक्षा समितिबाट बाह्य परीक्षा र आन्तरिक परीक्षामा सहभागी गराई बढी अंक प्राप्त गर्नेलाई क्रमशः छनौट गरिनेछ।

(४) FPU Contingent मा खटिने सम्पूर्ण प्राविधिक सिनियर प्रहरी अधिकृत बाह्य परीक्षा, आन्तरिक परीक्षा र प्रयोगात्मक परीक्षा उत्तीर्णमध्ये सबैभन्दा बढी अङ्क प्राप्त (Merit को आधारमा) गर्ने मध्येबाट योग्यताक्रम अनुसार छनौटका लागि सिफारिस गरिनेछ। छनौट परीक्षा प्राविधिक परीक्षा समितिबाट लिइनेछ।

**(ख) जुनियर प्रहरी अधिकृतहरु**

(१) FPU Contingent मा खटिने सम्पूर्ण जुनियर प्रहरी अधिकृत (प्राविधिक समेत) बाह्य परीक्षा, आन्तरिक परीक्षा, जेष्ठता र प्राविधिकको हकमा प्रयोगात्मक परीक्षासमेतको परीक्षा उत्तीर्णमध्ये बढी अङ्क प्राप्त गर्नेलाई क्रमशः छनौटका लागि सिफारिस गरिनेछ। छनौट परीक्षा तोकिए बमोजिमको परीक्षा समितिबाट लिईनेछ।

(२) बुँदा ११ (ख) को (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि FPU Contingent मा खटिने प्रशासन तर्फका हाईटीका लागि प्र.ना.नि.९ (नौ) जना र डार्फरका लागि प्र.ना.नि. ११ (एघार) जना जेष्ठ हुनुका साथै अंग्रेजीमा दख्खल भएको हुनुपर्नेछ। साथै निजहरु प्र.प्र.का. परीक्षा समितिबाट लिईने बाह्य परीक्षा तथा आन्तरिक परीक्षामा उत्तीर्ण भई सवैभन्दा बढी अङ्क प्राप्त गर्ने मध्येबाट योग्यता क्रमानुसार छनौट गरिनेछ।

**(ग) प्रहरी हवल्दार तथा जवान**

FPU Contingent मा खटिने प्रहरी हवल्दार तथा जवान (प्राविधिक समेत) को हकमा मिसनको अनुभव नभएको र तोकिए बमोजिम परीक्षा समितिबाट लिइने बाह्य परीक्षा, आन्तरिक परीक्षा, जेष्ठता र प्राविधिकको हकमा प्रयोगात्मक परीक्षासमेतको परीक्षा उत्तीर्णमध्ये बढी अङ्क प्राप्त गर्ने मध्येबाट छनौट गरिनेछ। प्र.ह./प्र.ज.दर्जाका उम्मेदवारहरुबीच जेष्ठता कायम गर्दा उक्त दर्जाका प्रहरी कर्मचारीहरुको भर्ना मिति तथा बढुवा मिति एकै दिन हुन गएको खण्डमा तालिम, पुरस्कार, योग्यता, सजायलाई आधार बनाई मनोयन गरिनेछ।

**(घ) महिला प्रहरी**

प्रशासनतर्फ प्रत्येक मिसनका लागि जु.प्र.अ.२ जना सहित कम्तिमा कूल खटिने संख्याको २०% प्रतिशत महिला प्रहरी कर्मचारीहरुको छनौट गरिनेछ।

**(ङ) प्रहरी कार्यालय सहयोगी, सूचीकार, हजाम सम्बन्धमा।**

(१) प्रहरी कार्यालय सहयोगीको हकमा जेष्ठ तथा दक्ष भई शारीरिक र मानसिक रुपले स्वस्थ्य ४ जना खाना पकाउने र १ जना हजामलाई छनौट गरिनेछ। प्रहरी कार्यालय सहयोगीको उमेर ४८ वर्ष ननाघेको हुनुपर्नेछ।

(२) सूचीकारको हकमा सूचीकारको रुपमा कार्य गरिरहेका ४८ वर्ष उमेर ननाघेका प्र.का.स.,प्र.ज.देखि प्र.ना.नि.दर्जा सम्मका जेष्ठ (भर्ना मितिको आधारमा), दक्ष, मानसिक र शारीरिक रुपले स्वस्थ्य प्र.क.हरुको छनौट गरिनेछ।

(च) लगातार दुई पटकसम्म परीक्षामा सहभागी भई अनुत्तीर्ण भएका प्रहरी कर्मचारीहरु त्यस पश्चात लिईने तेस्रो पटक सहभागी हुन नपाईने र अर्को परीक्षामा सहभागी हुन पाउने छन्।

(छ) पदको जेष्ठतालाई मुख्य आधार बनाई प्र.ज.देखि प्र.ना.उ.सम्म प्रतिकोटा ३ गुणा (१:३) का दरले दर्जागत कोटा अनुसार दर्जागत एकमुष्ठ प्रतिस्पर्धा गराई उत्तीर्ण भएका प्रहरी कर्मचारीहरु मध्ये वरियताक्रम अनुसार छनौट गरिनेछ। तोकिएको क्राईटेरियाभित्र पर्ने प्रत्येक दर्जाको लागि प्राप्त कोटामा ३ गुणा (१:३) का दरले क्राईटेरियाभित्र पर्ने प्रहरी कर्मचारीहरु उपलब्ध हुन नसकेको अवस्थामा १:२ को अनुपातमा प्रतिस्पर्धा गराउन बाधा पुगेको मानिने छैन।

(ज) समान अङ्क भएमा जेष्ठलाई पहिलो प्राथमिकता दिइनेछ। सो मात्रले छनौट हुने प्रहरी कर्मचारी निर्धारण गर्न नसकेको खण्डमा क्रमश: तालिम, पुरस्कार, सजायलाई आधार मानी छनौट गरिनेछ।

(झ) प्राविधिक प्रहरी कर्मचारीको रुपमा भर्ना भई सोही समूहमा कार्यरत रहेका प्रहरी कर्मचारीहरु र प्रशासनतर्फबाट सेवा समूह परिवर्तन गरी प्राविधिक समूहमा कार्यरत रहेका प्रहरी कर्मचारीहरुलाई प्रशासन समूहको परीक्षामा सहभागी गराइने छैन।

(ञ) FPU छनौट परीक्षामा उत्तीर्ण सम्पूर्ण प्रहरी कर्मचारीहरुको अन्तिम नामावली कार्यरत स्थान, प्र.प्र.का.मानव अधिकार शाखा, उजुरी छानबिन शाखा, कानुन शाखा र महिला तथा बालबलिका सेवा निर्देशनालयमा पठाई उल्लेखित शाखा र निर्देशनालयबाट विभागीय तथा घरेलु हिंसा/लैङ्गिक हिंसा सम्बन्धी कारबाही नभएको व्यहोरा प्रमाणित भएका प्रहरी कर्मचारीहरुलाई मात्र FPU Mission मा खटाई पठाइनेछ।

(ट) FPU हाईटी तथा FPU डार्फर छनौट परीक्षाका लागि नामावली एकमुष्ठ संकलन गरी छनौट परीक्षामा उत्तीर्ण मध्ये प्र.ज. देखि प्र.ना.उ. दर्जासम्मका प्र.क.हरू मध्ये जोर नम्बरहरुलाई हाईटी तथा बिजोर नम्बरहरूलाई डार्फर मिसनका लागि छनौट गरिनेछ।

(ठ) प्राविधिक निर्देशनालय (प्लम्वर, ईलेक्ट्रिसियन बाहेक) प्राविधिक गुल्म, छापाखाना, श्रव्यदृष्य, जनसम्पर्क, फोटोग्राफी, नेपाल प्रहरी कुकुर स्कुल, विधिविज्ञान, र नेपाल प्रहरी अस्पताल (चिकित्सक, स्टाफ नर्स र प्यारामेडिक्स बाहेक) सुरु भर्ना प्रशासनतर्फ भएका प्र.ज. देखि प्र.ना.नि. दर्जाका प्राविधिक प्रहरी कर्मचारीहरुलाई जेष्ठताको आधारमा प्रशासन तर्फको FPU छनौंट परीक्षामा सहभागी गराइनेछ।

(ड) IPOs मिसनको लागि योग्यता सूची कायम गर्ने प्रयोजनका लागि एक वर्षे अवधिको FPU Mission मा सहभागी भई सकेका प्रहरी कर्मचारीहरुलाई आ–आफ्नो समूहको बरियताक्रमको अन्तिममा क्रमशः राखिनेछ।

(ढ) FPU मा छनौट भई तालिमरत रहेको एवं FPU मा कार्यरत रहेको अवस्थामा Pre-SAAT परीक्षामा सहभागी हुन पाउने छैन। तर FPU मा छनौट भई तालिममा नगइसकेको अवस्थामा Pre-

SAAT/UNSAAT परीक्षामा सहभागी हुन पाउने एवं UNSAAT परीक्षा उत्तीर्ण भएमा FPU मिसन वा IPOs मिसन मध्ये कुनै एक मात्रै मिसनमा सहभागी हुन पाउने छन्।

(ण) एक वर्षे FPU मा खटिएका प्रहरी कर्मचारीहरुको हकमा FPU बाट फर्केको १ वर्ष पूरा भए पश्चात मात्रै Pre-SAAT परीक्षामा सहभागी हुन पाउने छन्।

(त) प्रत्येक प्राविधिक कार्यालय, अस्पताल, महाशाखा, शाखाबाट लिखित वा प्रयोगात्मक प्रश्नावली तयार गर्न छुट्टाछुट्टै प्रश्न–पत्र निर्माण समिति गठन गरिने छ। समितिमा प्रत्येक महाशाखा, कार्यालय वा शाखाबाट सिनियर प्रहरी अधिकृतलाई जिम्मेवार बनाई प्रश्न–पत्र निर्माण समितिले ३ (तीन) सेट छुट्टाछुट्टै लिखित र प्रयोगात्मक परीक्षाको प्रश्नावली तयार गरी प्राविधिक परीक्षा छनौट समितिलाई शिलवन्दी गरी बुझाउने छ र प्रश्न–पत्र निर्माण समितिले पेस भएका ३ (तीन) सेट प्रश्नावलीमध्ये १ सेट छनौट गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्ने छ। परीक्षाको अझ बढी निष्पक्षता र पारदर्शिताका लागि प्राविधिक परीक्षा समितिले आवश्यकता अनुसार CTEVT जस्ता विशिष्टीकृत प्राविधिक संस्थाहरुबाट वा सम्बन्धित विषयका विज्ञहरुको सहयोग लिई प्रश्न–पत्र तयारी तथा जाँच गराउन सकिनेछ।

(थ) सञ्चार तर्फको कोटा संख्या पाँचमा प्र.स.नि. देखि प्र.ना.उ. सम्म (इन्जिनियर/ओभरसियर/सब ओभरसियर) १ कोटामा अनिवार्य सञ्चार प्राविधिक टेक्निसियन र बाँकी ४ कोटामा टेक्निसियन वा अपरेटरमध्येका प्र.क. हरुलाई कोटा छुट्याईनेछ। सञ्चार तर्फका प्र.क.हरुलाई प्रशासन तर्फको FPU छनौट परीक्षामा सहभागी गराइने छैन।

(द) सवारी चालकको हकमा सबै प्रहरी इकाइहरुबाट प्रत्येक मिसनमा १/१ (एक/एक) कोटा बराबर ३/३ (तीन/तीन) जना सवारी चालक प्रहरी कर्मचारीहरुको नामावली माग गरी सिफारिस भएका सवारी चालक (हेभीको हेभीसँग र लाईटको लाईटसँग) एकमुष्ट प्रतिष्पर्धा गराई उत्तीर्ण भएका प्रहरी कर्मचारीहरु मध्ये योग्यताक्रम (Merit) अनुसार छनौट गरिनेछ।

१. जु.प्र.अ.देखि प्र.नि. दर्जा सम्मका प्रहरी कर्मचारीलाई चालकको कोटामा मिलान हुने गरी Motor Transport Officers (MTO) छनौट गर्न सकिनेछ। उक्त छनौट परीक्षामा सवारी महाशाखा तथा मातहत कार्यालयहरूमा सवारी तथा मेन्टिनेन्स व्यवस्थापन सम्बन्धी कार्यमा कार्यरत प्रहरी कर्मचारीहरु सहभागी हुन पाउने छन्।

२. **मेकानिक्स तर्फ** :- सवारी महाशाखा तथा मातहत कार्यालयहरूमा मेकानिक्सको रूपमा लगातार २ वर्ष कार्यरत प्र.ज.देखि प्र.ना.नि. दर्जासम्मका प्रहरी कर्मचारीहरु FPU छनौट परीक्षामा सहभागी हुन पाउने छन्। तर मिसन विशेषमा प्रयोग हुने सवारी साधन र जेनेरेटरको स्थानीय रुपमा मर्मत संभार गर्नको लागि आवश्यकता अनुसार, Contingent Commander द्वारा निश्चित प्रकृया पूरा गरी स्थानीयस्तरमा मेकानिक्स र इलेक्ट्रिसियन करारमा भर्ना गर्न सक्नेछन्।

(ध) मिसनमा खटिएको अवस्थामा कुनै प्र.क.को पदोन्नति भएमा निजले छनौट भएकै दर्जामा सो दर्जाको ओहदा वा हैसियत अनुसार साविकै सुविधा बमोजिमको जिम्मेवारी निभाउनु पर्नेछ। तर प्रहरी संगठनले व्यावसायिक दक्षताको आधारमा कुनै थप जिम्मेवारी दिन चाहेमा उपरोक्त वाक्यांशले बाधा पार्ने छैन।

**(१२) उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुको लागि कोटाको व्यवस्था:-**

बुँदा (९) मा निर्धारित मापदण्डभित्र पर्ने कर्मचारीहरु मध्येबाट प्रहरी सेवामा उत्कृष्ट, प्रशंसनीय एवं विशेष योगदान गर्ने प्रहरी कर्मचारीहरुलाई प्रोत्साहित गर्न प्रत्येक मिसनमा ११ (एघार) जना (प्र.ज. देखि प्र.ना.नि.) प्रहरी कर्मचारीहरुको छनौट प्रहरी महानिरीक्षकबाट गठित उत्कृष्ट प्रहरी छनौट समितिले गर्नेछ । यसरी छनौट गर्दा देहाय बमोजिमको कार्यविधि अवलम्बन गरिनेछ ।

(क) उत्कृष्ट, प्रशंसनीय एवं विशेष योगदान भन्नाले तोकिएको जिम्मेवारी उत्कृष्टतापूर्वक निर्वाह गरी नेपाल प्रहरीको छवी उच्च बनाएको बुझिनेछ । कार्य सम्पादनको सिलसिलामा जीउ ज्यानको कुनै प्रवाह नगरी जोखिमपूर्वक भूमिका निर्वाह गर्ने प्रहरी कर्मचारीहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

(ख) उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुको कार्य विवरण सिलसिलेवार रुपमा तोकिए बमोजिम सिफारिस भई आउनुपर्नेछ ।

(ग) उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुको हकमा यस कार्यादेशद्वारा तोकिएको मापदण्डको अधिनमा रही रा.प्र.प्र.प्र.महाराजगन्ज तथा अन्य प्रहरी तालिम केन्द्रहरु मध्येबाट उत्कृष्ट प्रशिक्षक २, केन्द्रीय प्रहरी विशेष कार्यदल १, उत्कृष्ट अनुसन्धानकर्तामध्येबाट १, उत्कृष्ट खेलाडी १ र बाँकी नेपालभरिका सम्पूर्ण प्रहरी इकाईहरुमा कार्यरत प्रहरी कर्मचारीहरु मध्येबाट उत्कृष्ट ठहर गरिएका प्रहरी कर्मचारीहरु छनौट गरिनेछ ।

**(१३) ठूलो सवारी अन्तर्गत पर्ने बख्तरबन्द गाडी (जस्तै):**–ए.पि.सि., एम.पि.भि.को चालक र हतियार सञ्चालक छनौट गर्दा कार्यरत रहेका सबै Formed Police Unit (FPU) लाई आवश्यक पर्ने (एक पटकमा ४ FPU कन्टिन्जेन्टसम्मको लागि) जनशक्ति एकै पटक छनौट गरी जगेडा चालक र हतियार सञ्चालक समूह कायम गर्न सकिनेछ । (छलफल गर्नुपर्ने)

**(१४) प्रशासनतर्फ (दोभाषे बाहेक)** र प्राविधिकको **आन्तरिक, बाह्य र प्रयोगात्मक परीक्षाको लागि लिइने परीक्षाहरु सम्बन्धी व्यवस्था:-**

(क) बाह्यतर्फ प्रशासनतर्फका प्रहरी कर्मचारीको हकमा अनुसूची २ र प्राविधिक प्रहरी कर्मचारीको हकमा अनुसूची ६ बमोजिम हुनेछ ।

(ख) प्राविधिक प्रहरी कर्मचारीको **प्रयोगात्मक परीक्षा** अनुसूची ७ बमोजिम हुनेछ ।

(ग) आन्तरिक परीक्षा प्रशासनतर्फका प्रहरी कर्मचारीको हकमा अनुसूची ३ मा उल्लेखित पाठ्यक्रम बमोजिम र प्राविधिकतर्फ अनुसूची ४ बुँदा नम्बर ख (आ) बमोजिम हुनेछ ।

**(१५) दोभाषे (प्रशासन) सम्बन्धी व्यवस्था**: सम्बन्धित भाषाका लागि प्र.नि./प्र.ना.नि.बाट २ जना छनौट गरिनेछ । निजहरू एक पटक पनि FPU मिसन नगएको वा IPOs को रुपमा (१ पटक मात्रै) मिसनमा गई स्वदेश फर्केको ३ वर्ष अवधि पुगेको हुनुपर्नेछ ।

दोभाषे (प्रशासन) का लागि लिइने परीक्षाहरु देहाय बमोजिम हुनेछन्:

**आन्तरिक परीक्षा**

(क) अंग्रेजी CLA-Full Marks 50 (Reading Comprehension 30 & Report Writing 20)

(ख) सम्बन्धित भाषा परीक्षा -Full Marks 50 (Reading Comprehension 30, Subjective 10 & Interview 10) (हाईटीका लागि फ्रेन्च भाषा)

(ग) परीक्षा सञ्चालनको लागि आवश्यकता अनुसार बाहिरबाट भाषा विज्ञलाई सहभागी गराउन सकिनेछ ।

(१६) **FPU Contingent मा प्रहरी जनशक्तिको व्यवस्था :-**

(क) प्राप्ताङ्क आधारमा तयार गरिएको वरियताका आधारमा मूख्य उम्मेदवार, रिजर्भ उम्मेदवार र वैकल्पिक उम्मेदवारको चयन हुनेछ ।

(ख) रिजर्भको व्यवस्था :- कूल जनशक्तिको १०% प्रतिशत (प्र.ज.देखि प्र.ना.नि. दर्जा) प्रहरी कर्मचारीहरूलाई रिजर्भ Elements का रुपमा छनौट गरिनेछ । यसरी रिजर्भ Elements को रूपमा छनौट भएका प्र.क.हरुलाई अर्को लगत्तै जाने मिसनमा स्वत: छनौट भएको मानिनेछ । FPU छनौट परीक्षापश्चात खटिनुपूर्व कुनै कारणवश मूख्य उम्मेदवार विभागीय कारबाही एवं कुनै व्यक्तिगत, शारीरिक, मानसिक तथा पारिवारिक समस्या साथै यस कार्यादेशको बुँदा नं.११ (ढ) बमोमजिमको अवस्थामा निजको नाम हटाई रिजर्भबाट नाम समावेश गरिनेछ ।

(ग) प्र.नि. र प्र.ना.उ. दर्जाका कुनै कारणवस मुख्य उम्मेदवार मिसनमा खटीई जान असमर्थ भएमा छनौंट परिक्षामा सहभागी भई उत्तीर्ण भएकाहरु मध्ये प्राप्तांकको आधारमा बैकल्पिक उम्मेदवारबाट नाम समावेश गरिने छ ।

(घ) बुदा १६ (ख) बमोजिमको रिजर्भमा रहेका उम्मेदवारहरु अपुग भएमा भएमा छनौंट परिक्षामा सहभागी भई उत्तीर्ण भएकाहरु मध्ये प्राप्तांकको आधारमा बैकल्पिक उम्मेदवारबाट नाम समावेश गरिने छ ।

(१७) **परीक्षाफल प्रकाशन गर्ने अवधि:-**

बाह्य परीक्षाको नतिजा तत्कालै प्रकाशित गरिनेछ र आन्तरिक र प्रयोगात्मक परीक्षाको हकमा सो परीक्षा सकिए लगत्तै उत्तरपुस्तिका परीक्षण गरी अनुसूची १ र ५ बमोजिमको फारामको ढाँचामा प्रकाशित गरिनेछ ।

(१८) **उजूरीसम्बन्धी व्यवस्था:-**

FPU छनौटका लागि गरिने नामावली सिफारिस तथा कुनै पनि परीक्षा समितिबाट प्रकाशित परीक्षाको नतिजामा चित्त नबुझेमा तीन दिन भित्र प्र.प्र.का.प्रत्यक्ष मातहतको हकमा केन्द्रीय परीक्षा अनुगमन तथा निरीक्षण समितिका अध्यक्ष र म.न.प्र.का./ प्रदेश मातहतको हकमा सम्बन्धित प्रदेश परीक्षा अनुगमन तथा निरीक्षण समितिका अध्यक्ष समक्ष लिखित निवेदन गर्नु पर्नेछ र यसरी पर्न आएको निवेदन उपर आवश्यक छानविन गरी तीन (३) दिन भित्र निर्णय गरी सक्नुपर्नेछ ।

(१९) **दायित्व तथा सुविधा:-**

१) मिसनमा कार्यरत रहँदाको अवस्थामा पाउने रकम मध्येबाट १० प्रतिशत रकम प्रहरी कल्याण कोषमा जम्मा गर्ने दायित्व नेपाल प्रहरीबाट FPU मिसनमा खटिई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुको हुनेछ ।

२) मिसनमा खटिने प्रहरी कर्मचारीहरूलाई विभिन्न महाशाखा/शाखाबाट उपलब्ध गराईने थप सुविधाहरू निम्नानुसार हुनेछन् :-

**(क) कल्याण महाशाखाबाट उपलब्ध गराईने सुविधाहरू :-**

(१) FPU Mission मा खटिनु पूर्व खटिने प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी अस्पतालबाट लगाइने खोप वापतको रकम ।

(२) FPU मिसनमा खटिने प्रहरी कर्मचारीहरुबाट माग भएमा १ (एक) लाख रुपैयासम्मको ऋण सुविधा ।

(३) सिलाई ज्याला वापतको रकम ।

(४) ट्र्याकसुट २ जोर, स्पोर्ट सुज २ जोर, झोला २ थान, Evacuation Bag १ थान, टिसर्ट ४ वटा, आर्म व्याज ४ थान ।

कल्याण महाशाखाबाट उपलब्ध गराइने सरसामानहरुको प्रकृति, आकार, प्रकार र गुणस्तर सम्बन्धमा अनुसूचीमा व्यवस्था गरी कार्यान्वयन गर्न सकिनेछ।

**(ख) प्रवन्ध शाखाबाट उपलब्ध गराइने सुविधाहरू :-**

(१) मिसनको आवश्यकता अनुसार चुस्ता ३ जोर, बुट २ जोर, झुल १ थान, म्याट्रेस १ थान, पानी वर्षादी १ थान, रुकस्याक झोला १ थान, स्लिपिङ व्याग १ थान।

तर मिसन प्रयोजनको लागि दिईने सुविधाका सामानहरुको गणना प्रहरी कर्मचारीहरुको नियमानुसार पाउने सुविधा (स्केल) मा समायोजन गराइने छैन।

(२०) FPU मिसनमा कार्यरत प्रहरी कर्मचारीहरुले निम्न अवस्थामा बाहेक मिसनबाट सेवा अन्त्य (Early End of Mission) गरी फिर्ता भएमा कसूर अनुसार विभागीय कारबाही हुने र सो को अलवा फिर्ता भएको मितिबाट ५ वर्षसम्म कुनै पनि Mission मा सहभागी गराईने छैन।

(क) निज बिरामी भई चिकित्सकले मिसनबाट फिर्ताको लागि सिफारिस गरेमा।

